# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०५।०२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी पदमबहादुर बुचासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कालिका मा.वि. पुलाहाँ, कालिकोटका प्रधानाध्यापक पदमबहादुर बुचा समेतका प्रतिवादीहरु उपर विद्यालयको भवन निर्माण गर्दा लागत अनुमान र सम्झौता विपरीत भवन बनाएको र फर्निचर नबनाएको अवस्थामा भवन तथा फर्निचरसमेत बनाएको भनी गलत कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी लिने/दिने कार्य गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिमको कसुरमा बिगो रु.८,५१,३९२।६९ कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०८।०५ को फैसलाबाट आंशिक सफाई दिएकोले उपरोक्त फैसलाउपर मिति २०८२।०५।०२ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल